# छिमेक लघुवित्त वित्तीय संस्था लि.

## CHHIMEK LAGHUBITTA BITIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

मध्येबानेश्वर, काठमाण्डौ

फोन ०१-४४९०५१३, ४४६४८५२, फ्याक्स ०१-४४६५७८५ (Email : info@chhimekbank.org)


## १९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यहि मिति २०७७/०९/०७ गते बसेको संचालक समितिको २५४औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको १९औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७७/०९/२९ गते बुधबार (तदनुसार १३ जनवरी, २०२१)

**समय** : विहान ११.०० बजे ।

**स्थान** : मकवानपुरको हेटौंडा स्थित होटल सामना प्रा.लि.को सभा हल ।

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७७/०७८ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री बिआरएस न्यौपाने एण्ड कम्पनी का श्री ज्ञानेन्द्र बहादुर भारी ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।)

४) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७६/०७७ को मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.१,५०,००,००,००० को ७ प्रतिशतले हुन आउने रकम रु.१०,५०,००,०००/- (अक्षरेपी दश करोड पचास लाख रुपैयाँ मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

५) सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१) वित्तीय संस्थाको अधिकृत पूँजी रु.२ अर्वबाट बृद्धि गरि रु.३ अर्व पुर्‍याउने प्रस्ताव स्वीकृत गर्ने ।

२) संचालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०७६/०७७ को मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.१,५०,००,००,००० को २२ प्रतिशतका दरले हुन आउने रकम रु.३३,००,००,०००.०० (अक्षरेपी तेत्तीस करोड रुपैया मात्र) बराबरको वोनश शेयर जारी गरि वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.१,८३,००,००,०००.०० (अक्षरेपी एक अर्व त्रियासी करोड रुपैया मात्र) पुर्‍याउने सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने ।

३) वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्वन्धी आवश्यक संपूर्ण कार्य अगाडी वढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

४) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्विकृत गर्ने (अधिकृत, जारी र चूक्ता पूँजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति (वा संचालक समितिले तोकेको पदाधिकारी) लाई अधिकार दिने ।

**ग. विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. **शेयरधनी दर्ता किताब बन्द रहने :** १९औं बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज यही मिति २०७७/०९/१५ देखि २०७७/०९/२९ गते सम्म बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात् मिति २०७७/०९/१४ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरु यस साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुने ब्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।

३. १९औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेबसाईट (www.chhimekbank.org)मा पनि हेर्न सक्नुहुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाण्डौं-३१, मध्यबानेश्वर वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., नागपोखरी र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०७७/०९/२७ गते बिहानको ११:०० बजे (अर्थात् सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै) भित्र वित्तीय संस्थाको काठमाण्डौं-३१, मध्यबानेश्वर स्थित केन्द्रीय कार्यालय वा हेटौंडा, मकवानपुर स्थित शाखा कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन प्रकृया तथा कार्यक्रम वित्तीय संस्थाको "निर्वाचन नियमावली, २०६१" वमोजिम हुनेछ । सो सम्बन्धी कार्यक्रम तालिका निकट भविष्यमा वित्तीय संस्थाको सुचना पाटी एवं निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरिनेछ ।

१०. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालक पदको निर्वाचनमा उम्मेदवार हुन चाहने मतदाता नामावलीमा नाम दर्ता भएको शेयरधनीले वित्तीय संस्थाको नियमावली बमोजिम कम्तीमा १०० (एक सय) कित्ता साधारण शेयर आफ्नो नाममा लिएको हुनुपर्नेछ । प्रचलित नेपालको कानुन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकद्धारा समय समयमा जारी गरिएका निर्देशनहरु तथा वित्तीय संस्थाको निर्वाचन नियमावली बमोजिम अयोग्यता नठहरिएको शेयरधनी उक्त संचालकको उम्मेदवार हुन योग्य हुनेछन ।

११. संचालक पदमा उम्मेदवार हुन योग्यता पुगेको ईच्छुक शेयरधनीले वित्तीय संस्थाको "निर्वाचन नियमावली, २०६१" को अनुसुची ४ मा तोकिए बमोजिमको ढाँचामा स्वयंले हस्ताक्षर गरी निर्वाचन तालिकामा तोकिएको मिति भित्र निर्वाचन अधिकृत समक्ष मनोनयन पत्र दाखिला गर्नु पर्नेछ । मनोनयन पत्र निर्बाचन अधिकृतको कार्यालय (वित्तीय संस्थाको शाखा कार्यालय, हेटौंडा) मा उपलब्ध हुनेछ ।

१२. संचालकको निर्वाचन व्यवस्था गर्न बनेको "निर्वाचन नियमावली, २०६१" वित्तीय संस्थाको केन्द्रीय/शाखा कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयबाट १ प्रतिको रु.१००।- तिरी उपलब्ध हुनेछ ।

१३. कोभिड-१९ को जोखिमबाट बच्न सभामा भाग लिने सम्पुर्ण शेयरधनी महानुभावहरुले सो सँग सम्बन्धीत स्वास्थ्यका मापदण्डहरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१४. अन्य थप जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।